दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक ६६ | बुटवल | २०८१ फागुन १७, गते शनिबार | नेपाल संवत ११४५ | Saturday Mar. 01, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# बौद्ध स्थलहरुको पर्यटन प्रवर्द्धन गर्न बुद्धज्ञान साइकल यात्रा

**रुपन्देही, नवलपरासी र कपिलवस्तुका बौद्ध स्थलहरुको पर्यटन प्रवर्द्धनको उद्देश्यले आयोजित साइकल यात्रामा विश्व साइकल यात्री पुस्कर शाहसहित नेपाल, भारत र जर्मनका १३० जना साइकल यात्री सहभागी छन् ।**



**लुम्बिनी संवाददाता**

*बुटवल*

गौतमबुद्धको जन्मस्थल लुम्बिनीसहित बुद्धसँग सम्बन्धित रुपन्देही, नवलपरासी र कपिलवस्तुका बौद्धस्थलहरुको पर्यटन प्रवर्द्धनको उद्देश्यले बुद्धज्ञान साइकल यात्रा भैरहवाबाट सुरु भएको छ।

शुक्रबार बिहान भैरहवाको बुद्धचोकस्थित लुम्बिनी गेटमा उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्मा, सिद्धार्थनगर उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठलगायतले नेपाल र भारतको झण्डा फहराएर साइकल यात्राको शुभारम्भ भएको हो ।

दुई दिने यात्रामा सबैभन्दा कम उमेरका ८ वर्षीय क्रिस्टोफर श्रेष्ठ, ११ वर्षीया आश्वानी खरेल, जेष्ठ नागरिकहरु भारत उत्तराखण्डका ७६ वर्षका कमलजित दिमन र ७१ वर्षीया बिष्हु दिमन दम्पत्ति सहभागी छन् । यात्रामा विश्व साइकल यात्री पुस्कर शाहसहित नेपाल, भारत र जर्मनका १३० जना साइकल यात्री सहभागी छन् ।

साइकल सिटी भैरहवाको आयोजनामा हरेक वर्ष हुने बुद्धज्ञान साइकल यात्रा बुद्ध जन्मस्थल लुम्बिनीमा पुगेर समापन हुने आयोजक संस्थाका अध्यक्ष सूर्यकुमार सारु मगरले बताए ।

लुम्बिनीको पर्यटन प्रवर्द्धन, स्वास्थ्य, पर्यावरण र व्यापार व्यवसाय प्रवर्द्धनका लागि गत वर्षदेखि साइकल सिटी भैरहवाले बुद्धज्ञान साइकल यात्रा सुरुवात गरेको संयोजक शैलेन्द्र श्रेष्ठले बताए ।

आन्तरिक र बाह्य पर्यटकको नजरमा लुम्बिनी बाहेकका अन्य बुद्धसँग जोडिएका स्थान सधैं ओझेलमा परेकाले ती क्षेत्रको प्रचारप्रसारका लागि बुद्धज्ञान साइकल यात्राले सहयोग पुग्ने साइकलसिटी भैरहवाका सचिव थिरेन्द्र श्रेष्ठले बताए ।

यात्रामा सहभागीहरुले पहिलो दिन करिव ८५ किलोमिटर र दोस्रो दिन ९० किलोमिटर दुरी यात्रा गरेर बुद्धसँग सम्बन्धित विभिन्न स्थानको अवलोकन भ्रमण र जानकारी प्राप्त गर्नेछन् ।

साइकल यात्राको पहिलो दिन नवलपरासीको रामग्राम हुँदै रुपन्देही देवदहको पण्डितपुर, बुद्ध मावली भवानीपुर, बौद्धकालीन पाकरी रुख हुँदै तिलोत्तमा नगरपालिकाको वनबाटिका, बुटवलको जितगढी किल्ला हुँदै साँझ भैरहवा पुग्नेछन् ।

दोस्रो दिन भैरहवाको बसडिलवास्थित शिव मन्दिरबाट सुरु भई शुद्धोधन गाउँपालिकामा रहेको बुद्धकालिन भुवनेश्वर मन्दिर, गैंडहवा गाउँपालिकाको गैंडहवा ताल, यशोधरा पार्क हुँदै कपिलवस्तुको मानव निर्मित जगदिशपुर ताल, सगरहवा, राजा शुद्धोधनको प्राचिन दरवार तिलौराकोट, गोटिहवा, निग्लिहवा, बुद्ध र उनको छोरा पहिलो पटक भेट भएको स्थान कुदान हुँदै गौतमबुद्धको जन्मस्थल लुम्बिनी आएर समापन गरिने कार्यक्रम संयोजक शैलेन्द्र श्रेष्ठले जानकारी दिए।

## भूमि अध्यादेश फिर्ता नभए जनआन्दोलन : यादव



बुटवल । जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले सांसदहरू खरिदब्रिकी गरेर भूमि अध्यादेश फिर्ता गराउनेतिर सरकार गएको खण्डमा आफूहरू जनतातिर फर्कने बताएका छन् ।

शुक्रबार काठमाडौंमा आयोजित अध्यादेशबारे विज्ञसँगको छलफलका क्रममा उनले यस्तो बताएका हुन् ।

‘सरकारले यो अध्यादेश (भूमि) फिर्ता लिओस् । हैन सांसद खरिद बिक्री गरेर यो पास गराउँछ भने हामी जनताकोमा जान्छौं, र जनआन्दोलनको बाटो पक्रन्छौं, यो स्पष्ट भए हुन्छ ।’- उनले भने ।

साथै, उनले सुकुम्बासीको समस्या पहिचान गरेर सधैंका लागि समस्या समाधान गर्नुपर्ने बताए ।

‘धेरैवटा अध्यादेश विगतमा सरकारले फिर्ता लिएका छन् । सुकुमवासी भूमिहीनको पहिचान गरौं, समस्या समाधान कसरी गर्ने विज्ञ राखेर बहस गरौं, र वैज्ञानिक बाटो अपनाएर सधैंका लागि समस्या समाधान गरौं ।’- उनले भने ।

## नेपाल–जापान सम्बन्ध थप विकसित



बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीले तेस्रो नेपाल-जापान फ्रेन्डसिप समिट-२०२५ का माध्यमबाट दुई देशबिचको सम्बन्ध अझ विस्तार गर्न टेवा पुग्ने बताएका छन् ।

सो समिटमा सहभागी हुन नेपाल आएका जापानी टोली र नेपाली समन्वयकर्ताहरूसँग शुक्रबार प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटमा प्रधानमन्त्री ओलीले नेपाल र जापानबिच सरकार-सरकार र जनता-जनताबिच पनि सम्बन्ध विकसित हुन थालेको बताए ।

‘नेपालीहरू राम्रो रोजगारीका लागि जापान पनि गएका छन् । नेपालको फापर जापान पुगेको छ । जापानबाट गोल्डेन ट्राउड नेपाल भित्रिएको छ । जनस्तरका यस्ता असल सम्बन्धका अनेक आयामहरू छन्,’ उनले भने-‘हामीबिच अब्बल मित्रता छ । खाली मित्रताबाहेक अरु केही छैन । हाम्रो सम्बन्ध साकुराजस्तै लटरम्म भएर फुलेको छ । समस्यारहित यो सम्बन्ध तथा विकासको साझेदारीलाई सूचना प्रविधिको सहयोगमा उचाइका साथ अगाडि बढाउनुपरेको छ ।’

प्रधानमन्त्री ओलीले युद्धले विनाश र शान्तिले विकास दिन्छ भन्ने उदाहरण जापानले प्रस्तुत गरेको उल्लेख गर्दै विश्वमा शान्ति छाओस् भन्ने आफूहरूको प्रबल इच्छा र सक्रिय प्रयास रहेको बताए ।

एक दशकभन्दा बढी समयदेखि उद्यमशीलता प्रवर्द्धन र व्यावसायिक मार्गदर्शनमा सक्रिय रहेको आइडिया स्टुडियो नेपालअन्तर्गतको समूहद्वारा सञ्चालित लिडएक्स नेपाल र फोर्थ लिभायेको आयोजनामा यही १४ देखि १६ फागुनसम्म नेपालमा समिट आयोजना गरिएको हो ।

## नेपालमा अफ्रिकन स्वाइनफ्लु

बुटवल । सुनसरीमा अफ्रिकन स्वाइनफ्लु पनि भेटिएको छ । केही दिनअघि सुनसरीको कोशी गाउँपालिकामा बर्डफ्लु भेटिएको थियो । दुहबी नगरपालिकामा अफ्रिकन स्वाइनफ्लु भेटिएको हो ।

गत ७ फागुनमा सुनसरीको कोशी गाउँपालिका-६ स्थित सप्तकोशी कृषि फार्ममा बर्डफ्लु देखिएको थियो । त्यसको एक सातापछि अर्थात् १३ फागुनमा दुहबी नगरपालिका-९ र १० मा अफ्रिकन स्वाइनफ्लु भेटिएको हो ।

दुहबी नगरपालिकाका प्रमुख बेदनारायण गच्छदारका अनुसार १३ फागुनमा परीक्षण गर्दा अफ्रिकन स्वाइनफ्लु भेटिएको हो ।

स्वाइनफ्लुबाट २५ वटा बङ्गुर मरिसकेको उनले बताए । स्वाइनफ्लु देखिएपछि १५ दिनका लागि बङ्गुर ओसारपसार र मासु बिक्री वितरणमा रोक लगाइएको उनले बताए ।

उनका अनुसार वडा नम्बर ९ को छाताबेली चोक र चौधरी टोल, वडा नम्बर १० को बालकुञ्ज, धाबी टोलमा बङ्गुर मरेपछि प्रयोगशाला परीक्षणका लागि नमूना संकलन गरेर पठाइएको थियो ।

सुनसरीका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले दुई वटा फ्लु देखिएपछि उच्च सतर्कता अपनाइएको बताए । चार किल्ला सिल गरेर नियन्त्रणका लागि प्राविधिक टोलीले काम गरिरहेको उनको भनाइ छ ।

## सिद्धार्थ उद्योग वाणिज्य संघको अध्यक्षसहित अधिकांश पदाधिकारी निर्विरोध



**मोहम्मद हबिब**

*भैरहवा*

सिद्धार्थ उद्योग वाणिज्य संघ रुपन्देहीको आगामी फागुन २३ र २४ गते हुने ६६औं साधारणसभा तथा अधिवेशनमा २९ पदको नयाँ नेतृत्व चयन हुने भए पनि वाणिज्य उपाध्यक्ष र सह-कोषाध्यक्ष बाहेकका सबै पदाधिकारी निर्विरोध निर्वाचित भएका छन् ।

संघको अगामी २ वर्षे कार्यकालका लागि बिहीबारदेखि निर्वाचनको कार्यक्रम सुरु भएकोमा ४६ जनाको उम्मेदवारी परेको संघका कानुनी सल्लाहकार तथा मुख्य निर्वाचन अधिकृत अधिवक्ता शिव गौडेलले जानकारी दिए ।

उनका अनुसार निर्वाचन कार्यक्रममा अध्यक्ष पदका लागि नेत्रप्रसाद आचार्यको, वरिष्ठ उपाध्यक्षमा दिलीप कुमार कान्दु, उपाध्यक्ष (वाणिज्य) एक पदका लागि यमकला न्यौपाने, दिपककुमार पौडेल र हरिबहादुर थापाको, उपाध्यक्ष (उद्योग)तर्फ गोविन्दप्रसाद ज्ञवाली,, उपाध्यक्ष (कर्पोरेट)मा रोकितकुमार अग्रवाल, महासचिवमा कृष्णप्रसाद घिमिरे, सचिवमा मंगल भण्डारी, कोषाध्यक्षमा कमलप्रसाद मरासिनी र सह-कोषाध्यक्ष १ पदका लागि सञ्जयकुमार बेरिवाल र पल्लवी न्यौपानेको उम्मेदवारी परेको छ । यस्तै सदस्यतर्फ कर्पोरेटमा २ पदका लागि विकासकुमार गोयन्का र अर्पितकुमार अग्रवाल, वस्तुगत सदस्यमा प्रितमकुमार रौनियार, महिला सदस्यमा विष्णुमाया शर्मा पौडेल निर्विरोध निर्वाचित भएका छन् ।

पदाधिकारीतर्फ वाणिज्यतर्फको उपाध्यक्ष एक पदका लागि ३ जना र सह-कोषध्यक्ष एक पदका लागि २ जनामा निर्वाचन हुने भए पनि अन्य पदमा निर्विरोध निर्वाचित हुने देखिएको छ । यस्तै वाणिज्यतर्फको महिला सदस्य एक पदका लागि सुनयना केसी गिरी र मीना पन्थीको उम्मेदवारी रहेको छ भने उद्योग खुल्लातर्फ ५ पदका लागि ९ जनाको उम्मेदवारी रहेको छ । जसमा कमल ज्ञवाली, अभिनव थापा, कृतेशकुमार श्रेष्ठ, तेजेन्द्र यादव, दिपेन्द्र पौडेल, सृजना कार्की जोशी, ओम जैशी, रचना क्षेत्री र विजय अधिकारी प्रतिस्पर्धामा उत्रेका छन् ।

यस्तै वाणिज्यतर्फ खुल्ला सदस्य १० पदका लागि १९ जनाको उम्मेदवारी छ । जसमा पूजा आचार्य, सन्दीपकुमार अग्रहरि, विशाल जैसवाल, अभिनवमयुर कसौधन, रमेश घिमिरे, धर्मराज आचार्य, प्रमोदकुमार रिजाल, अर्जुन कार्की, रमेश कानु, कृष्णप्रसाद अधिकारी, यजन्यप्रसाद बेलवासे, सुरेन्द्र यादव, वीरेन्द्र ज्ञवाली, चन्दूकान्त भटराई, जवाहिर अग्रहरि, हरिश सेठिया, धर्मविर शर्मा, गंगासागर अग्रहरि र प्रकाश रेग्मी प्रतिस्पर्धामा छन् ।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
# पाहुर
२०८१ फागुन १७, गते शनिबार
तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

कविका प्रियतम हरफहरू
प्रकृति
र प्रेम
जो बाच्छन्
मानिसहरूसँग
अनुभूतिले
कविका प्रियतम हरफहरू...

– मञ्जुल

पुस्तक अंश

# पहिलो प्रकाशनको आकस्मिकता

रुद्र ज्ञवाली

('ग्वादीका गौरव' हालै प्रकाशित जीवनीपरक लेखसङ्ग्रह हो। रुद्र ज्ञवालीको सम्पादन तथा वेणीमाधव ज्ञवालीको सङ्कलन/सम्पादन तथा व्यवस्थापनमा प्रकाशित यो पुस्तकमा गुल्मीको ग्वादीमा जन्मिएर जीवनका विभिन्न क्षेत्रमा प्रतिष्ठा हासिल गर्नुभएका व्यक्तित्वहरूको जीवनी, परिचय र संस्मरण समेटिएको छ। ३८ वटा रचना समेटिएको यो पुस्तक ५६० पृष्ठको रहेको छ। यो पुस्तकले कुनै निश्चित ठाउँ विशेषका व्यक्तित्वहरू उजागर गर्नुका साथै भेग र भूगोलको इतिहास र समययात्रको कथा पनि बोकेको छ। समाजको परिवर्तनमा जीवनका विविध क्षेत्रका व्यक्तित्वहरूको धेरैथोरै योगदान हुन्छ। व्यक्तिको योगदान व्यक्तिको नितान्त व्यक्तिगत क्षमतासँगै उ बाँचेको समय, परिस्थिति र वातावरणको समष्टि उपज हुन्छ। त्यसैले यस्तो खालको पुस्तक समाज अध्येताहरूको लागि तथ्यांकका स्रोत पनि हुन् र हुन् समयको दस्तावेज पनि। पाहुरका पाठकहरूको लागि उक्त पुस्तकमा समेटिएको साहित्यकार रुद्र ज्ञवालीको लेखको अंश यहाँ प्रस्तुत गरिएको छ। ज्ञवालीको लामो लेखको अंश मात्र यहाँ साभार गरिएको छ साथै प्रसङ्गअनुसार शीर्षक परिवर्तन पनि गरिएको छ।–सं.)

जिन्दगी भन्नु भवितव्य र आकस्मिकताको पुलिन्दा रहेछ। कुनै लक्ष्य र योजनाभित्र नअटाउने। यिनै आकस्मिकतासँग वयेली खेल्दाखेल्दै जीवनका महत्त्वपूर्ण छ दशक बितेर गए। आउने दिनहरू पनि यस्तै भवितव्य र आकस्मिकतामा बितेर जाने न हुन्।

म जान्ने हुँदा बा रुक्माँगत ज्ञवाली कोलौदीको प्राइमरी स्कुलमा पढाउनु हुन्थ्यो। उहिलेका जमाना बेद लघु कौमुदी पढेको आधारमा मास्टर हुनु भएको। आफ्नै गोठलाई विद्यालय तुल्याएर ठुलो वर्णमाला घोकाउनु हुन्थ्यो।

आँगनमा प्रार्थना हुन्थ्यो। माधव घिमिरेको गाउँछ गीत नेपाली घोकेको पनि त्यति बेलै हो। त्यतिबेला अर्थ नबुझी घोकियो। अहिले बल्ल अर्थ बुझिँदै छ।

उहिले पाँचकक्षामा पुगेपछि मात्रै अँग्रेजीको पढाई सुरु हुन्थ्यो। नयाँ शिक्षा लागू भएपछि एक कक्षादेखि नै पढाउनु पर्ने नियम आयो। बालाई अँग्रेजी आउँदैनथ्यो। बाले मास्टरी छोड्नु पर्ने बाध्यता आयो। अँग्रजी नजानेको हुँदा मास्टरी छोड्ने कुरा आफ्नै मामाका छोरीज्वाईं दिवाकर ज्ञवालीसँग गर्नु भएछ। दिवाकर ज्ञवालीले अँगेजी सिक्न प्रोत्साहित गर्नु भयो र सिकाउनु पनि भयो। बाले सिक्दै जानु भयो र सिकेका कुरा पढाउँदै जानु भयो। लगन भएपछि नहुने केही रहेनछ। बा त अलिअलि अंग्रेजीका शब्द बोल्न सक्ने पो हुनु भयो।

नयाँ शिक्षा लागू भएपछि प्राइमरी शिक्षकको न्यूनतम शैक्षिक योग्यता तोकियो। कम्तीमा मेट्रिक गरेको हुनु पर्ने। तर दश पास गरी नर्मल तालिम लिएकालाई भने सेवाबाट हट्नु नपर्ने भयो। अलि टाठाबाठाहरूले दशकक्षा पासको प्रमाणपत्र बनाएर नर्मल तालीम लिई जागिरमा थामिए। कौमुदी चण्डी मात्र पढेका बा को भने जागिर छुट्यो।

बाको जागिर छुट्नु भनेको हाम्रो घरको दुइचार पैसाको स्रोत सुक्नु थियो। घरको अर्थतन्त्र डाँवाडोल हुनु थियो। हामी ससाना पाँच सन्तान। बिरामी परिरहने आमा। कोलौदीको बारी र भरेकको खेत। जिन्दगीको गाडी सजिलै गुड्ने अवस्था थिएन। अहिले सम्झँदा लाग्छ बाले त्यो इन्जिन बिग्रेको गाडी कसरी चलाउनु भए होला ?

सातसम्मको पढाइ सकिएपछि हाइस्कुल पढ्न रिडी जानु पर्थ्यो। दैनिक घरबाट आउन जान धपेडी पर्थ्यो। रिडीमा दिवाकर ज्ञवालीको सानो एक कोठे बुकुरे घर थियो। उहाँका माइला छोरा बेदराज र म दमाली थियौं। त्यसै बुकुराको वास भयो। एउटा कुनामा सानो खाट थियो। दिवाकर ज्ञवाली खाटमा सुत्नु हुन्थ्यो। हामी गुन्द्री ओछ्याएर भूईंमा सुत्थ्यौं। खाने ठाउँ अलग अलग थिए। रिडी हाइस्कुल त्यसक्षेत्रको अलि नाम चलेको स्कुल थियो। नयाँ शिक्षाको पहिलो ब्याचमा पऱ्यौं हामी। एसएलसी दिन तमघास जानु पर्ने भयो र गयौं। यो बिक्रम सम्वत् २०३५ सालको कुरा थियो।

अहिलेजस्तो इन्टरनेटको जमाना थिएन। एसएलसीको रिजल्ट रेडियोले भनेपछि थाहा हुन्थ्यो। तर गोरखापत्र नआई को पास भयो को फेल भयो त्यो भने थाहा पाइदैनथ्यो। त्यतिबेला तानसेनसम्म मात्रै बस चल्थ्यो। लगभग पन्ध्र दिनपछि रिडीमा गोरखापत्र आउँथ्यो र गोरखापत्रको खबर गाउँमा आउन अरू दुई/तीन दिन लाग्थ्यो। त्यतिबेला दिवाकर ज्ञवाली रिडीमै हुनुहन्थ्यो र प्रायः शुक्रबार घरमा आउनु हुन्थ्यो। कुनै एक शुक्रबार उहाँले खुशीका खबर सुनाउनु भयो। म सेकण्ड डिभिजनमा एसएलसी पास भएछु।

पास त भइयो। तर अगाडिको पढाइलाई निरन्तरता दिन समस्या थियो। दिदीको भर्खर बिबाह भएको थियो। बाको मास्टरी छुटेको थियो। बहिनीहरू स्कुल पढ्दै थिए। आम्दानीको कुनै स्रोत थिएन। मास्टरी छुटेपछि बा पुरोहित्याईं गर्न थाल्नु भएको थियो। दान दक्षिणमा आएको दुई/चार रुपैयाँले डेरा, खाना र कलेज फि धान्नसक्ने अवस्था थिएन।

अगाडि पढ्न मन त थियो। तर अवस्था सहज थिएन। जग्गा जमिन पनि भनेको बेलामा बिक्ने कुरा भएन। यस्तै दुविधाको अवस्थामा एकदिन ढुण्डीराज ज्ञवालीसँग सम्पर्क भयो। पहिले उहाँ ग्वादीमै पढाउनु हुन्थ्यो। पछि विद्यालय निरीक्षक भएर पाल्पा शिक्षा कार्यालयमा कार्यरत हुनुहुँदो रहेछ। उहाँले बौघा केरवादीको प्रा.वि. स्कुलमा एउटा शिक्षक पद रिक्त रहेको र पढाउने भए आफूले जागिर लगाई दिने कुरा गर्नु भयो।

नाईं भन्ने कुरै भएन। उहाँको पछि लागेर तानसेन गएँ। कार्यालयको विधि विधान मैले के बुझ्नु। उहाँले नै निवेदन लेख्न सिकाइ दिनु भयो। गर्नु पर्ने सबै प्रक्रिया पुऱ्याएर अस्थायी शिक्षकको नियुक्ति पत्र हातमा राखी दिनुभयो।

नियुक्ति पत्र लिएर म स्कुल पुगें। अर्तुङ्गाका हेमकान्त पाण्डे प्रधानाध्यापक पदमा कार्यरत हुनुहुँदो रहेछ। अत्यन्तै सहयोगी। उहाँले नै आफूले चिनेको ठाउँमा बास, गासको व्यवस्था मिलाई दिनु भयो। घरभेटी बा र उहाँका जेठा छोरा भारतमा जागिरे हुनुहुँदोरहेछ। माइला छोराले साँवा अक्षरसम्म पनि नफोरेर दिक्क पर्नु भएको रहेछ। साँझ बिहान उनलाई पढाउने सर्तमा गासबासको राम्रै बन्दोबस्त भयो।




यसबिचमा हेमकान्त पाण्डेको सरुवा भयो र रिडीका बिराट श्रेष्ठ हेड मास्टर भएर आए। उनी गीत सङ्गीतका पारखी रहेछन्। उनकै सङ्गतमा मादल बजाउन र गीत गाउन सिकें। विद्यालयको जन्मोत्सव पारेर साँस्कृतिक कार्यक्रम गरियो। त्यसअघि त्यहाँ त्यस्तो कार्यक्रम भएको रहेनछ। खुब वाहवाही पाइयो।

त्यहाँ काम गर्दागर्दै शिक्षा कार्यालय गुल्मीले प्रा.वि. तह स्थायी शिक्षकका लागि विज्ञापन गरेको जानकारी भयो। त्यतिबेला ठुलोबाकी छोरी द्रौपती नेपाल गुल्मी शिक्षा कार्यालयमा कार्यरत हुनुहुन्थ्यो। फर्म लगाउनेलगायतका कुरामा दिदीले सहयोग गर्नु भयो। परीक्षा पास भइयो। ग्वादी नि.मा.वि.को प्रा.वि. दरबन्दीमा स्थायी नियुक्ति लिएर म पाल्पा केरवादीबाट बिदा भएँ।

मेरो पढाइ छुटेको थियो। अकोतिर एसिडिटीले सताइरहेको पनि थियो। म उपचारको सिलसिलामा बनारस गएको थिएँ। बनारस नजिकै मिर्जापुर जिल्लाको चुनारमा रहेको सिमेन्ट कारखानामा धातानन्द दाइले काम गर्नु हुन्थ्यो। काशी हिन्दू विश्व विद्यालयको मेडिकल कलेजमा उपचार गर्ने काममा उहाँले सहयोग गर्नु भयो। त्यसै मेलोमा मैले प्राइभेट परीक्षार्थीकोरूपमा इण्टरमिडियटको फर्म लगाएँ। केही समयपछि बिदा मिलाएर आइ.ए. को जाँच दिन बनारस गएँ। गुल्मी अर्जेतिरका साथीहरूसँग मिलेर दूध विनायकमा कोठा लिइयो। मोरङ्का मोहन चापागाईंको ट्युशन सेन्टरमा ट्यूशन पढियो। सन् १९८३ मा हरिश्चन्द्र इण्टरकलेजबाट इण्टरमिडियट परीक्षा सेकेण्ड डिभिजनमा पास भइयो।

आइए पास गरेपछि नेपालबाटै बीएड गर्ने विचार थियो। हाइस्कुलको हेडमास्टर हुन बिएड गर्नु पर्थ्यो र त्यतिबेलाको लक्ष्य हाइस्कुलको हेडमास्टरसम्म पुग्ने थियो।

स्कुलमा पढाउनु एउटा काम छँदै थियो। भित्र कतै कला सँस्कृति र साहित्यप्रति नजानिदो सम्मोहन पनि थियो सायद। बौघा केरवादीमा गरेजस्तो कार्यक्रम आफ्नै गाउँ कोलौदीमा पनि गर्न मन लाग्यो। समस्या मञ्चमा ओछ्याउने दरी, साउण्ड सिष्टम र बत्तीको थियो। सिरानघर प्रेमनिधि बुबाको घरमा कार्पेट थियो। उहाँकी भाउजु ज्ञानधरा ज्ञवालीसँग एकरातको लागि कार्पेट मागियो। गाउँकै कार्यक्रम हुनाले नाईनास्ती नगरी दिनु भयो। उपल्लाघर साईंलो बा दिनानाथ कहाँ पेट्रोमेक्स अर्थात मइन्टोल थियो। त्यो पनि पाइयो। अब माइकको कुरा रहयो। नजिक थिएन। स्याङ्जा कारिकोटको स्कुलमा छ भन्ने थाहा पाएर स्याङ्गजा पुगियो। जमाना पनि कति गजबको। मागेपछि पाइने। पाइयो र ल्याइयो।

आँटेपछि सबै जुट्यो। २०३८ सालको असौजमा कोलौदी तिलखेतको स्कुलमा पनि साँस्कृतिक कार्यक्रम गरियो। त्यतिबेला यस्ता साँस्कृतिक कार्यक्रमलाई नाटक देखाउने भनिन्थ्यो। त्यस अर्थमा आफैं निर्देशक बनेर पहिलो पटक नाटक पनि देखाइयो।

आफ्नो गाउँमा कार्यक्रम गरिसकेपछि आफूले पढाउने ग्वादी स्कुलमा पनि नाटक देखाउने कुरा चल्यो। हुन त त्यस पहिले पनि ग्वादीमा त्यस्ता कार्यक्रम गरिने गरेको थियो। तर केही वर्ष यता त्यो बन्द भएको रहेछ। त्यहाँ पनि आफै निर्देशक बनियो। मादल बजाइयो। मादल मात्र होइन त्यहाँ त हार्मोनियम पनि बजाइयो। भयो के भने म बनारसमा ट्यूशन पढिरहेको बेला सङ्गीत सिक्न मन लाग्यो। पश्चिमतिरका एकजना साथी पनि सङ्गीतका पारखी रहेछन्। उनी र म भएर सङ्गीतालय खोज्दै गयौं र निचिबागको गुप्ता सङ्गीतालयमा भर्ना भयौं। त्यहीं हामीले सारेगमपधनि सिक्यौं। केही पुराना हिन्दी गीतका धुन पनि सिक्यौं।

तिलहरे पाखापानी प्रेमनारायण बुबाको घरमा हार्मोनियम थियो। नाटक देखाउने भनेपछि उहाँले खुरुक्कै दिनु भयो। हार्मोनियम घरमा ल्याएर केही दिन केही गीतमा बजाउने अभ्यास गरें। अलिअलि धुन निस्कन थाल्यो। आफू नाच्न नजाने पनि आफैं निर्देशक बनेर नाच्न गाउन सिकाइयो र ग्वादी स्कुलमा पनि नाटक गरियो।

त्यतिञ्जेलसम्म मलाई अलिअलि साहित्य लेखनको पनि चस्का पसेको थियो। तिजको बेला केही तिजका गीत लेख्ने गर्थें। आउने वर्ष ग्वादीमा नाटक नै देखाउने भनेर दाइजो नामको नाटक लेखें। संयोगवस् रेडियो नेपालमा समेत गीत गाइसक्नु भएका थोर्गाका ध्रुव ज्ञवाली पनि नियुक्ति लिएर ग्वादी स्कुलमा पढाउन आउनु भयो। उहाँ त कलाकारै हुनु भयो। गाउन र बजाउन खप्पिस।

तर ध्रुब ज्ञवालीसँग लामोसङ्गत भने हुन पाएन।

समयसँगै सपना पनि बदलिँदा रहेछन्। मेरो जीवनमा पनि यस्तै एक मोड आयो। कुरा वि.सं २०४० सालको हो। प्रेमनिधि बुबा डोल्पा जिल्लामा सिडिओ हुनुहुन्थ्यो। उहाँ त्यो वर्ष दशैंमा घर आउनु भएको थियो। उहाँ घरमा आएका बेला गाउँका सबै उहाँका घरमा जम्मा हुन्थ्यौं। उहाँले मलाई एकान्तमा बोलाएर "गाउँकै स्कुलमा मास्टर भइछस्, राम्रै भयो। तर यहाँ बस्यो भने यहींको यहीं भइन्छ। देश दुनियाँ देख्न पाईंदैन। स्कुलबाट बिदा लिएर मसँग डोल्पा हिँड। मन लागे यता छोडेर उतै जागिर खालास्। नत्र यता त छँदैछ।

उहाँको मैले देखिरहेकोभन्दा निकै नै फरक र सुन्दर सपना रोपी दिनु भयो। त्यो सपनाको बिरुवा मनभित्र हुर्किंदै जान थाल्यो। घरसल्लाह गरेर दशैं बिदापछि लागें डोल्पातिर। मैले घर छोड्ने बेला आमाका आँखाबाट बगेको आँसुको भेलले मलाई अहिले पनि विचलित तुल्याउँछ। त्यतिबेला भैरहवाबाट डोल्पाको जुफालसम्म शाही नेपाल वायु सेवा निगम ( हाल- नेपाल वायु सेवा निगम) आरएनएसीको मात्रै उडान हुन्थ्यो। टिकट पाउन महाभारत थियो। त्यतिबेला प्रत्येक उडानमा दुईवटा सरकारी सिट उपलब्ध हुँदो रहेछ। उहाँले रुपन्देहीको सिडियोलाई भनेर दुईवटा सरकारी सिट रिजर्भ गरीदिनु भएको रहेछ। कफी कम्पनी पूर्वको सूर्यपुरा केशव ज्ञवालीको घरसम्म सङ्गै आएपछि उहाँ काम विशेषले केही दिन यतै रोकिने कुरा गर्नु भयो। पाल्पा दमकडाका यज्ञ भट्टराई र म दुईजना भोलिपल्ट डोल्पा जाने भयौं। कसरी डोल्पा जाने भनेर सबै सिकाउनु भयो। आरएनएसीको अफिस बर्मेली टोलमा रहेछ। त्यहाँबाट सिडिओ कार्यालयमा फोन गरेर टिकट मिलाउने र जाने भनेर सिकाउनु भयो।

टिकटका लागि सिडिओ कार्यालयमा फोन गर्नु पर्ने भयो। त्यतिबेला मोबाइल या सार्वजनिक टेलिफोन सुविधा थिएन। केही ठुला व्यापारी र सरकारी अफिसमा मात्र फोन थिए। सिडिओका मान्छे भनेपछि आरएनएसीका कर्मचारीले फोनको साँचो खोली दिए। तर त्यो फोन भन्ने जिनिस कहिल्यै प्रयोग गरेको भए पो। कसरी नम्बर मिलाउने ? कसरी कुरा गर्ने, फसाद पऱ्यो। यो बुझेर त्यहाँका कर्मचारीले नै सिडिओ कार्यालयमा फोन लगाई दिए। उताबाट स्वीकृति आएपछि प्लेनको टिकट हात पऱ्यो।

वि..सं. २०४० सालमा पहिलोपल्ट फोन गर्ने तरिका पनि सिकियो। फोनमा बोलियो र हवाइजहाज पनि चढियो। त्यसको रोमाञ्चको अनुभव लेख्यो भने छुट्टै कथा बन्न सक्छ। डोल्पाको जुफाल  पुगियो। सोचेको थिएँ त्यहाँका मान्छे हाम्रातिर जिम्मु , सियो बेच्न आउने भोटेजस्तै रातापिरा हुँदा हुन्। कहाँ हुनु त्यस्ता। न लवाई न ज्यारी। मैलो न मैलो दौरा सुर्वाल कोट लगाएका र भर्खरै आरनबाट निकालेका अँगारजस्ता काला।

प्रेमनिधि बुबा डोल्पा नफर्किँदासम्म उहाँकै क्वाटरमा पाहुना बनेर खाइयो। बुबै शिवकुमारीले असाध्यै माया गर्नु भयो। घर छोडेजस्तै भएन। जब प्रेमनिधि बुबा फर्किनु भयो उहाँ एक्लै फर्किनु भएन। साथमा हुनुहुनथ्यो राधा नेपाल, हाम्री कान्छी बुबै बनेर।

२०४० सालको कात्तिकमा डोल्पा जिल्ला कार्यालयको अस्थायी खरिदार बनियो। मुख्य काम थियो नुन र चामलको कुपन काट्नु। दुर्गम जिल्लामा खाद्यान्नको अभाव हुन्थ्यो। खाद्यका कर्मचारीले मनपरी गरि दियो भने जिल्लामा भोकमरी फैलिने डरले नियन्त्रणका लागि जिल्ला कार्यालयबाट कुपन जारी हुन्थ्यो र खाद्यले कुपन अनुसार मात्र चामल बेच्न पाउँथ्यो।

त्यतिबेला लोकसेवाको क्षेत्रीय कार्यालय सुर्खेतमा थियो र अञ्चल कार्यालय जुम्लामा। ना.सु.सम्मको परीक्षा लिने र सिफारिस गर्ने काम क्षेत्रयि कार्यालयबाट हुने भए पनि लिखित परीक्षा दिने सुविधा अञ्चलमा पनि थियो। २०४१ सालमा लोक सेवा आयोग सुर्खेतबाट प्रशासन सेवामा सात सिट ना.सु पदको विज्ञापन भएछ। लोकसेवाको फारम भने जिल्लामै भरेर जिल्ला कार्यालयमा बुझाउन पाइने रहेछ। फाराम भरियो। लिखित परीक्षा दिनका लागि जुम्ला जानु पर्ने भयो। प्रेमनिधि बुबाले सबै कुरा सिकाएर पठाउनु भयो। डोल्पाबाट हिँडेको तीन दिनका दिन जुम्ला पुगियो। बाटोमा खाएको हण्डर र परीक्षाको अघिल्लो दिन साँझ चन्दननाथ मन्दिरमा खाएको भाङवाला प्रसादले गरेको करामत यहाँ उल्लेख गरी साध्य भएन।

लोकसेवा दिएर त आइयो तर नतिजा प्रकाशन नहुँदै प्रेमनिधि बुबाको सरूवा भयो। त्यतिबेला उपल्लाघर कान्छो बा बोधराज काका सुर्खेत जिल्ला कार्यालयमा कार्यरत हुनुहन्थ्यो। मेरो लिखितमा नाम निस्केछ। त्यो थाहा पाएर उहाँले आ.वा. मार्फत खबर गरि दिनु भयो। दशैं बिदाको लगत्तै सुर्खेतमा अन्तरवार्ता थियो। भीडभाड। गाडीमा सिट पाइएन। रात्रिबसमा उभिएरै कृष्णनगरदेखि रुपडिहासम्मको यात्रा गरियो। नेपालगञ्ज पुगेर प्लेनको टिकट लिन खोज्दा पन्ध्र दिन यताको छैन। पर्सीपल्ट अन्तरवार्ता छ। पैदलै सुर्खेततिर लाग्दा र अन्तरवार्ता दिएर फकिदाको रामकहानी अर्कै छ।

प्रेमनिधिपछि डोल्पाको सिडिओमा कृष्णकुमार कोइराला आउनु भएको थियो। उहाँको कान्छो छोरो र म उस्तै लिखुरे र समान उमेरका रहेछौं। त्यसैले उहाँले मलाई कहिल्यै नामले बोलाउनु भएन। कान्छा भन्नु हुन्थ्यो। एकदिन उहाँले आफ्नो कार्यकक्षमा बोलाएर झपारेझैं गर्दै के बिठ्याईं गरेको कान्छा ? यस्तो बिठ्याईं पनि गर्ने हो भनेर अत्याउन थाल्नु भयो। त्यस्तो गल्ती केही गरेजस्तो लागेको त थिएन। डरले खुट्टा काँप्न थाले। म आत्तिएको देखेर हाँस्दै भन्नु भो, "डराउनु पर्दैन्। बधाई छ। इ यो आ.वा. पढ्। बरू भोज कहिले खुवाउने हो। भव्य गर्नु पर्छ है।"

उहाँले दिएको कागज हातमा लिएर हेरें । सुर्खेतबाट बोधराज काकाले पठाउनु भएको रहेछ। वन कार्यालय दैलेखको ना.सु.मा सिफारिस भएकोले तु- आउनु।

त्यसको पर्सीपल्टै डोल्पा छोडियो र लागियो सुर्खेत। डोल्पाबाट जानेबेला दुई कार्टुन स्याउ हालेको थिएँ। घर पठाउन काकताली मिलेन। भैरहवा आफ्नो कोही थिएन। स्याउ लिएरै लागें सुर्खेत। एउटा होटलमा झिटीझम्टा राखेर काकालाई खोज्दै क्वाटरमा पुगें। त्यतिबेला काका बर्खीमा हुनुहुन्थ्यो। म पुग्नासाथ खै त झोला भन्नु भयो। होटलमा छ भन्नासाथ सहयोगी र ड्राइभरलाई झोला लिन पठाउनु भयो। काकाकै क्वाटरमा बसियो र काकाले पकाएको खाना खाएर सुतियो।

काकाले लोकसेवामा कुरा गर्दिनु भएको रहेछ। अर्को दिन दश बजे लोकसेवा आयोगको सुर्खेत कार्यालयमा पुग्नासाथ सिफारिस पत्र हातपऱ्यो र लागियो दैलेखतर्फ। संयोग कस्तो भने त्यतिबेला प्रेमनिधि बुबा दैलेखमा सिडियो हुनुहुन्थ्यो। त्यसैले मलाई दैलेखको बारेमा चिन्ता लिनै परेन।

सिडिओको मान्छे हो भनेर हो कि अफिसमा सबैले अत्यन्तै राम्रो व्यवहार गरे। डिएफओले आफू बस्ने क्वाटरमै कोठा दिए। पछि अहिले प्रज्ञा प्रतिष्ठानका प्राज्ञ मधुसुधन गिरी लेखापालमा सिफरिस भएर आए। उनी आएपछि हामीले बाहिर कोठा लियौं।

मधुसुधन गिरी अन्तरमुखी स्वाभावका। उनले छन्दमा राम्रा कविता लेख्थे तर बाहिर कतै भन्दैनथे। मलाई पनि साहित्यमा रुची थियो। पत्रपत्रिका पढ्थ्यौं। उनले कहिलेकाही आफूले लेखेका कविता सुनाउँथे।

दैलेखबाट २०४४ सालमा जाजरकोट सरुवा भयो। अफिसमा खासै व्यस्त हुनु नपर्ने। पत्रपत्रिका पढ्ने काम हुन्थ्यो। प्राय गोरखापत्र पढिन्थ्यो। गोरखापत्रमा समसामयिक विषयका पत्रहरू छापिन्थे। मैले पनि पत्र पठाउन थालें। छापिन थाले। यसै क्रममा जाजरकोटबाट निस्कने कुशे पत्रिकामा एउटा कथा छापियो। त्यो कथा सबैले राम्रो माने। म त्यहाँका साहित्यिक कार्यक्रममा सहभागी हुन थालें। पुरस्कृत भएँ। यसै मेसोमा कर्मचारी मिलन केन्द्रले एउटा मुखपत्र निकाल्ने भएछ। मसँग पनि रचना मागियो। तर हाकिमहरूको त्यो क्लवले म सुब्बाको लघुकथा अस्विकार गरिदियो। यसबाट मभित्रको लेखक मन आहत भयो। झोंकैझोंकमा भोलिपल्ट त्यो कथा रजिष्ट्री गरेर मधुपर्कमा पठाएँ। मिलन केन्द्रले अस्विकृत गरेको लघुकथा त मधुपर्कबाट प्रकाशित भएर पो आएछ। वि.सं २०४६ साल जेठ महिनाको कुरा हो यो। यो पनि एउटा मिठो आकस्मिकता थियो।

## कविता

### आखिर, समुद्रलाई पनि आँसु चाहिँदोरहेछ

अरुणा वैद्य

कुनै समयमा समुद्रले भनेको थियो
मलाई आँसु चाहिंदैन,
र बन्द गरेर कथाका थिमहरू बाकसभित्र
ऊ घाम ताप्न बसेको थियो,
आफ्नो कथा अव कसैलाई भन्दिनँ भनेर।
तर
समुद्र हो आफैं
ऊ पनि भिज्छ,
एक्लै भिज्छ
बिझेर भिज्छ।
अनि कसलाई थाहा
घाम तापेर डिलमा बस्दा बस्दै उसेले
कति खेप व्यथाहरू सुकायो
पीडाको पर्दाभित्र आफूलाई कति लुकायो
जीवनमा कति बेला आफूलाई परम
सुखी ठान्यो
कति बेला आफूलाई दुःखी ठान्यो
उसले भन्दै भन्दैन।
बरु
बदाम चपाउँदै उसले
अरुका कथाहरू सुनिरह्यो
मौन समुद्रले
एक्लो समुद्रले
चक्कर चक्करमा
विगत, वर्तमान र भविष्य नाप्यो
आ-आफू जोगी हो कि भोगी
त्यो पनि जानेन।
समुद्र हो ऊ,
पानीको सागर
कुनै पनि बेला बग्न सक्छ, बगाउन सक्छ
आखिर,
समुद्रलाई पनि आँसु चाहिदोरहेछ।

दैनिक लुम्बिनी

रु.जि.हु.द.न.१३/०६३/०६४

संस्मरण

# राष्ट्रिय गानको पार्श्वकथा

बुंद राना

किसान, मजदूर र सर्वसाधारणलाई सिर्जनाको शीर्षमा राखी त्यसैमा समर्पित रहेछन् उनी । उनका रचना लोकलयमा लेखिँदा रहेछन् । मैले पनि लोकलय पछ्याउँने गरेको थिएँ । सर्वसाधारणलाई नै केन्द्रमा राखी अन्धविश्वासबाट पीडितहरूको कथा व्यथा बुनेर खण्डकाव्य लेखेको थिएँ– अरु किन मान्थिन् ।

"आगो निभाउनलाई पानी बनेर आऊ !
आहा भनुन् सबैले ज्ञानी बनेर आऊ !"

समयको आफ्नै गीत छ । एकनासको । एक्सेलेटर बटारेर मोटरसाइकलको गति बढाए झैं समयको गति बढाउन सकिँदैन । समय भित्तेघडी पनि होइन दिएको दम वा हालेको ब्याट्री सिध्दिना साथ अडिने, नचल्ने ।

मानिसले आफूले गरिआएका क्रियाकलाप र गतिविधिलाई व्यवस्थित तुल्याउन समयको नाम राखेको छ– भूत, वर्तमान र भविष्य । यो ठीक गरेको छ । यसो गर्नाले सजिलो भएको छ मान्छेले सम्पन्न गरिआएका क्रियाकलापबारे बुझ्न र देख्न अथवा भनौं इतिहास लेख्न ।

२०५४ सालको कुरा हो । काठमाडौंबाट निम्ता आयो । केवलपुरे प्रतिभा पुरस्कार गुठीले मलाई केवलपुरे प्रतिभा पुरस्कार दिने निर्णय गरेको रहेछ । त्यो बेलासम्म मेरा जम्मा तीनवटा कृति दुईवटा बालकविताका र एउटा खण्डकाव्य– अब किन मान्थिन् प्रकाशित थिए ।

छनौट समितिले मलाई किन छान्यो होला ? मनमा कौतुहल नउठ्ने कुरा थिएन । उठ्यो । समितिलाई सोध्ने कुरा पनि भएन । जुन व्यक्तित्व प्रतिभाको नाममा त्यो पुरस्कार स्थापना थियो तिनको नाम सुनेको भए पनि त्यति साह्रो तिनका योगदानबारे सुनेको, पढेको थिइनँ ।

त्यो पुरस्कार थापिरहँदाको अवस्थामा पो जान्न पाएँ उनी देवीप्रसाद पौडेल रहेछन् । साहित्य र समाजप्रतिको समर्पणभावले उनी देवीप्रसाद किसान हुँदै केवलपुरे किसान बन्न पुगेका । केवलपुर उनको जन्मस्थान, उनको आस्था र आदर्श किसान ! अनि उनी बन्न पुगेछन् देवीप्रसाद पौडेलबाट केवलपुरे किसान ।

किसान, मजदूर र सर्वसाधारणलाई सिर्जनाको शीर्षमा राखी त्यसैमा समर्पित रहेछन् उनी । उनका रचना लोकलयमा लेखिँदा रहेछन् । मैले पनि लोकलय पछ्याउँने गरेको थिएँ । सर्वसाधारणलाई नै केन्द्रमा राखी अन्धविश्वासबाट पीडितहरूको कथा व्यथा बुनेर खण्डकाव्य लेखेको थिएँ– अरु किन मान्थिन् ।

हुनसक्छ केवलपुरे किसानको अनुयायी हो भन्ठानेर मलाई पुरस्कार निम्ति छानिएको । पुरस्कार वितरण कार्यक्रममा स्वयम् केवलपुरे किसानको उपस्थितिले मलाई निकै हर्षित तुल्याएको थियो । उनीसँगको छोटो बसाइमा मलाई बुझ्न गाह्रो भएन उनी साँच्चिकै किसान वर्गप्रति समर्पित थिए ।

उनको स्मृति ग्रन्थ प्रकाशित हुँदा मैले त्यसमा उनको योग्य उत्तराधिकारीको अभाव हुनजाला कि भनी आशंका व्यक्त गरेर कविता श्रद्धा प्रस्तुत गरेको थिएँ– बिँडो कल्ले धान्ला ?

गरा मुनि गरा हुन्छ गरा माथि कान्ला !
केवलपुरे किसानको बिँडो कल्ले धान्ला ?

किसानप्रति समर्पित यी दुई पंक्तिमा मुख्य रूपले तीनवटा शब्द प्रयोग गरिएका छन्– गरा, कान्ला र बिँडो । यहाँ 'गरा' लेखिसकेपछि मलाई लाग्यो, कतै मैले गलत त लेखिनँ हुनपर्ने 'गह्रा' हो कि ? नेपाली बृहत शब्दकोश मोबाइलमा डाउनलोड गरेर राखेकै थिएँ । खोलेँ । खोजेँ । कतै देखिएनन् गरा र गह्रा ! चित्त बुझेन र २०७५को ठेली नै पल्टाएँ । पल्टाउनु मात्र भयो । समय खेर गयो । तै हार मानिनँ । शब्दकोशका पाना पल्टाउँदै 'ग'बाट 'प'मा पुग्दा बल्लतल्ल भेटियो 'पाटो' अर्थात् बारीको विशाल चकला, भन्ने अर्थ लगाइएको ।

जिमिनलाई विविध प्रयोजनका लागि आली बाँधी छुट्याइएको भागलाई 'गरा'भन्ने आम प्रचलन छ । यो 'गरा' शब्दकोशमा अझै अटाइनसकेको रहेछ । आशा गरौं भविष्यमा अटाउला ।

बिँडो यो शब्दको तौल क्वीन्टलले नापेर नापिन्न । बिँडो जति भन्न सजिलो छ त्यति नै गाह्रो हुन्छ बिँडो धान्न । बिँडो एक अर्थमा इज्जत, प्रतिष्ठा हो भने त्यसैको सेरोफेरोमा बिँडो भनेको उत्तराधिकार पनि हो । इतिहासमा बहुतै कम सन्ततिले आफ्ना पुर्खाको बिँडो धानेको पढ्न पाइन्छ । बिँडो धन्ने काम सोंचे जति सहज हुँदैन, छैन ।

पछिल्ला केही सामाजिक राजनीतिक घटनाहरू सिंहावलोकन गर्ने हो भने बि.पी.को बिँडो बि.पी.का अनुयायीहरूले, त्यस्तै पुष्पलाल, मदन भण्डारीको बिँडो तिनका उत्तराधिकारीहरूले लिएको देखिँदैन ।

मदन भण्डारीको नाम आउँदा लेख्न मन लाग्यो– मदन बाँचेको भए महाकाली सन्धी हुन दिँदैन थिए । यो सन्धीले नेपाली जनतामा थोरै भए पनि आशा र भरोसाको भाव सञ्चार गर्न पुगेको पार्टी एमाले भताभुङ्ग हुन पुग्यो । नदीका दुई किनार जस्तै दुई धारमा बग्यो । बगेको यो भेलमा बडेबडे हस्तीहरू बगे । अर्को किनारतिर लागे, बूँद भने मूलधारमै अडिएर बसिनै रह्यो ।

२०६१ सालमा एउटा सिर्जनाकर्मी हुनुको नाताले मेरा लागि सुखद रह्यो । वाङ्मयको सर्वोच्च संस्था नेपाल प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सभा सदस्यमा म मनोनयन गरिएछु । त्यहाँ रहिरँहदाको मेरो अनुभवले भन्छ– प्राज्ञ सभा देखाउनका लागि मात्र रहेको छ, त्यसको प्रभावकारी भूमिका अझ प्रष्ट हुनसकेको छैन ।

२०६४ मा बल्ल बहुदलीय सत्तालाई पुरानो राष्ट्रगान फेर्नुपर्छ । भन्नलाई राष्ट्रगान भनिए पनि त्यो व्यक्ति स्तुति नै थियो । राजाको प्रशस्ति गान थियो । उनकै गुणगान थियो । संस्कृति मन्त्रालयले राष्ट्रगान चयन कार्यदल निर्माण गरेछ, जसमा म पनि राखिएछु ।

चौध सदस्यीय कार्यदलको संयोजक वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशी थिए । सिंगो कार्यदललाई तीन भागमा बाँडेर पूर्वाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलको जिम्मा लगाइएको थियो ।

म सुदूर पश्चिमको संयोजक तोकिएको थिएँ । मेरा अन्य सहयोगीहरूमा कवि अमर गिरी र लोक गायक नन्द जोशी थिए । हामी सिर्जना बटुल्न बाटो लाग्यौं । कवि साहित्यकारहरूको यात्रा यसै पनि आनन्ददायी हुने गर्छ । त्यसमा गायक थपिए पछि झन् के कुरा गर्नु रमाइल्यै रमाइलो ! बाटो लागे पछिको पहिलो कार्यक्रम दाङ जिल्लाको घोराहीमा गर्न पुग्यौं । पूर्व सूचनानुसार जमघट राम्रो थियो । उपस्थितिलाई कार्यदलले तैयार पारेको मापदण्डबारे बोध गराउने र राष्ट्रिय गान लेख्न प्रेरित गर्ने हाम्रो मूल उद्देश्य थियो । त्यो कुरा बताइरहँदा सम्मेलनका सहभागीहरूबाट पक्षपात त हुँदैन भन्ने आशयकका प्रश्नहरू सोधिएका थिए । जुन कुरा हामीमा वा हाम्रो समाजमा चलिआएको भनसुनका अवस्था अनुरूप थियो । हामीले आश्वस्त पार्‍यौं– "अब त्यस्तो हुँदैन, हिजो अस्तिको गल्ती दोहोरिँदैन ।"

दोस्रो कार्यक्रम नेपालगञ्जमा र तेस्रो धनगढीमा सुसम्पन्न गरियो । हामीलाई एकसाताको समय दिइएको थियो । तोकिएकै समयमा हामीले आफ्नो मिशन पुरा गरेका थियौं ।

यो यात्रामा नन्दकृष्ण जोशी हामीसँग हुनु निकै सुखद हुन गयो । उनी श्रव्य र दृश्य दुवै स्रोतका चर्चित हस्ति । जहाँ पुग्यो, उनलाई चिन्ने उनका चहेताहरूले घेरिहाल्थे । देउडा सुनाउन आग्रह हुन्थ्यो ।

गल्ली होस् कि चोक होस् । चिया पसल होस् कि होटल । जोशीलाई केही फरक नपर्ने उनी साँच्चिकै जनकलाकार हुन् । जहाँ जनता त्यहाँ जोशी– भेरी होस् कि कोशी ! जोशी सुरु भै हाल्थे भन्न– झ्याम्म, झ्याम्म ! यता उनी सुरु हुन्थे गाउन उता फर्माइस गर्नेहरू थाल्थे नाच्न । कल्पना गर्नोस् कति रमाइलो गरी बित्यो होला हाम्रो त्यो सात दिनको यात्रा । साँच्चै भन्ने हो भने त्यो सात दिन सात मिनेट मै बितेजस्तो भाथ्यो हाम्रो ।

भनिन्छ संगत गुनाको फल । मैले पनि त्यो फल पाएँ । मलाई पनि त्यो फल अर्थात् सुदूरको प्रियलय भाका देउडाको केही अंश लाभ भयो र देउडा गीत लेखिटोपलेँ । टोपलेँ यसअर्थमा कि भर्खर कखरा सिक्दै ।

कर्णालीको माछा दामी चितौनको गैंडा– झ्याम्म-झ्याम्म
जाँगरीका गोडालाई क्यान लाग्थ्यो कैंडा–झ्याम्म-झ्याम्म ।

यो गीत चिनौन भरतपुर क्यान्सर अस्पतालको सभा कक्षमा सुनाउँदा, विद्यार्थीहरूले निकै रमाइलो मानेका थिए ।

संकटहरू मध्ये सबैभन्दा ठालु संकट हो, विश्वासको संकट । अन्य संकटको समाधान खोज्न सजिलो छ तर विश्वासको संकटको समाधान त्यति सजिलो छैन ।

यसै सन्दर्भमा स्यानो प्रसंग जोड्न चाहें । नेपाली समाजमा चलिआएको एउटा थेगो– ठूलालाई चैन सानालाई ऐन । यसैको अन्तर्यमा राष्ट्रिय गान चयन कार्यदलले पनि समस्या व्यहोर्नु पर्‍यो । केही पत्रपत्रिकाले लेखि पनि हाले– यो कार्यदल भनेको मात्र औपचारिकता पूरा गर्न गठन गरिएको हो, राष्ट्रिय गान स्थापित, चर्चित र सरकारद्वारा संरक्षित सर्जकको नै चयन हुन्छ । यो भनाइ र हिजोदेखि चलिआएको गलत प्रवृत्तिका कारण त्यति उत्साहपूर्वक राष्ट्रिय गान लेखनमा सहभागिता जनाएनन् धेरैजसो सर्जकहरूले । भनिहालेँ विश्वासको संकट थियो ।

कार्यदल खटाएर, सञ्चार माध्यमहरूमा विज्ञापन छपाएर, सूचना प्रसारण गरेर अनेकानेक प्रयत्न पश्चात् जम्म तेह्रसय जति सिर्जना प्राप्त भएका थिए । प्राप्त रचनालाई निर्धारित मापदण्डको कसीमा निकै मसिनो गरी केलाउँदा प्राप्त हुन आएको थियो– सयौं थुँगा फूलका हामी...।

उत्कृष्ट दसोटा सिर्जनाका सर्जकहरूमा कवि तथा वरिष्ठ समिक्षक रामप्रसाद ज्ञवाली पनि पर्नुभएको थियो । उत्कृष्ट भएर पनि मापदण्डको आधारमा सर्वोत्कृष्ट हुन पाएको थिएन उनको सिर्जनाले । पछि विविध मञ्चहरूमा उहाँको गुनासो– मप्रति कार्यदलले न्याय गरेन ! भन्ने सुनियो । यो गुनासो उहाँमा अझै पनि विद्यमान रहेको हुनसक्ला, तर उहाँको गुनासो तथ्यमा आधारित नभएर भावावेशमा आएको हुनुपर्छ, गुनासोका क्रममा जातिलाई मुछेर उनले गरेको टिप्पणी सरासर गलत थियो । भन्न सकिन्छ यहाँ पनि विश्वासको संकटले काम गरेको हो । व्यक्तिगत कुरा छाडौं जहाँ राज्य र नागरिकका बीच विश्वासको संकटको अवस्था रहन्छ त्यो देशको उन्नतिका बाटाहरू अवरुद्ध हुन पुग्छन् । नेपालमा विश्वासको संकटको बादल झन्झन् बाक्लिँदै गइरहेको देख्न सकिन्छ ।

दशैं आउन धेरै दिन छैन, भनौं दशैं शुरु भइ पनि सकेको छ । हामी नवरात्रमा छौं । भर्खर देशमा विश्वासको संकटको बादल बाक्लो हुँदै गएको भन्दै थिएँ । सेलरोटी पकाउने सल्लाह थियो घरमा । कति छिमेकीको भर पर्नु यस पालि आफैले सेल पोल्ने भनेका थियौं । अन्दाजै अन्दाजमा सामग्री तयार पारियो । खारिएको तेलमा सेल हाल्न खोजेको, सेलले आकार नै लिएन । फन्को नपुग्दै टुक्रिन थाल्यो । लाग्यो पिठो पातलो भएछ । अतिरिक्त थियो पिठो । थपियो । जाने झैं गरेर पिठौं फाँडियो । कराहीमा ताती रहेकै थियो तेल, त्यसमा सेल हालियो । सेलले फेरि पनि उही गति लियो । टुक्रियो बिचैमा । फन्को पूरा गरेन ।

एकछिन त सेल नबनेकोमा चिन्ता लाग्यो । चिन्ता भगाउन अरु कसैले नजानेको नेपाली आइडिया लगाउने निश्चय गरेँ । सोंचे, गोलो, चेप्टो, बाक्लो, पातलो आकारमा जेजस्तो भए पनि पाक्ने त पिठो नै हो । खाने पनि त्यही पाकेको पिठो नै हो । गालो आकारको सेल नै खानुपर्छ भन्ने के छ र ?

यो विचार मनमा आउने बित्तिकै डाडु हातमा समातिहालें । डाडुले पिठो नाप्दै ताइमा हाल्न थालें । एकपटकमा एउटा मात्र सेल पाक्ने ठाउँमा चार पाँचवटा मालपुवा पाक्न थाले एकैचोटि । घरमा टीक थाप्न आउने जति सबैलाई यसपालि सेल बनाइएन, मालपुवा खाने मन लाग्यो, भनियो । ख्वाइयो । चाडबाडका परिकारहरूमा मलाई बटुक अरुभन्दा बढी मन पर्छ । बटुक बनाउँदा पनि एकपल्ट त्यस्तै भयो । सामग्री गीलो भएर बनाउँछु भनेको बटुकले आकार लिएन । मेरो पालो चुम्कीको भरमा पिठो टिप्दै ताइमा हालें । पाकेर राता ताता फुरौला निस्किन थाले ताइबाट । स्वादमा बटुर यो फुरौलाको कत्ति पनि भिन्नता थिएन । भिन्नता थियो भने मात्र आकारको ।

सेलबाट मालपुवा, बटुकबाट फुरौलाले दिने ज्ञान के हो भने तत्काल आइपर्ने समस्याबाट आत्तिएर नभै अन्य विकल्पको खोजी गर्नु पर्छ, समस्या समाधान गर्नमा यो प्रयासले सहयोग पुर्‍याउँछ । समस्यामा नै सम्भावना देख्नुपर्छ ।

---

## सिद्धार्थ...

२९ पदको निर्वाचन हुने समितिमा निवर्तमान अध्यक्ष पदेन सदस्य रहने र ३ जना सदस्य(उद्योग, वाणिज्य, पर्यटन) मनोनित गरी ३३ जनाको कार्यसमिति रहनेछ ।

निर्वाचनको मिति नजिकिँदै गएसँगै संघमा आबद्ध उद्योगी तथा व्यवसायी उम्मेदवार संघका सदस्यहरुको घरदैलोमा पुगिरहेका छन् ।

केहीले सामाजिक सञ्जाल फेसबुक मार्फत त केहीले पर्चा पम्प्लेट वितरण गर्दै प्रचार प्रसारबाट भोट माग्न व्यस्त भएका छन् । निर्वाचन र मतपरिणाम आ-आफ्नो पक्षमा पार्न सामाजिक सञ्जाल, म्यासेज तथा फोनबाट उम्मेदवार र आकांक्षीहरुले मतको जोड घटाउको कसरत गरिरहेका छन् ।

अधिकांश पदाधिकारी निर्विरोध भएकोले यस पटक अझैँसम्म प्यानल बनाएर उम्मेदवारी घोषणा भएको छैन । आकांक्षी उम्मेदवारहरु समूह समूहमा प्रचार गरेका छन् । आकांक्षीहरु पूर्व अध्यक्ष तथा पदाधिकारीहरुसँग सहकार्य गर्ने, नियमित छलफल, आन्तरिक समूह बनाउने, वरिष्ठ उद्योगी व्यवसायीसँग सरसल्लाह गर्ने, प्यानल बनाएर जानेकी स्वतन्त्ररुपमा भिड्ने विषयमा दैनिक छलफल गरिरहेका छन् ।

हालसम्मको तथ्याङ्क र उम्मेदवारी अनुसार केही नयाँ अनुहार संघको नेतृत्वका आकांक्षासहित प्रचार प्रसारमा लागेका छन् ।

उद्योगी व्यवसायी मात्र नभई हरेक वर्गले अहिले उद्योग वाणिज्य संघको आउँदो अधिवेशनका क्रममा हुने निर्वाचनलाई नजिकबाट नियाली रहेका छन् । निजी क्षेत्रको एकमात्र प्रतिनिधिमूलक संस्था सिद्धार्थ उद्योग वाणिज्य संघ नेपालकै पुरानो मध्येको एक हो । नेपाल उद्योग वाणिज्य महासंघको स्थापना हुँदाको संस्थापक सदस्य संस्थाको रूपमा यो संघ रहेको छ ।

विसं. २०११ सालमा संस्थापक अध्यक्ष मंगल सिंह शर्माको नेतृत्वमा स्थापित भैरहवा व्यापार मण्डलबाट सुरुवात भएको संस्था २०३१ सालमा भैरहवा उद्योग वाणिज्य संघ, सिद्धार्थनगर उद्योग वाणिज्य संघ हुँदै सिद्धार्थ उद्योग वाणिज्य संघ भएको हो । यस संस्थामा हालसम्म मंगल सिंह शर्मा, नथमल अग्रवाल, गिरधारी मित्तल, केसरदेव वेरिवाल, कृष्णमान शेरचन, रुद्रविलास तुलाचन, मथुराप्रसाद वजिमय, माधवलाल श्रेष्ठ, सुधा नारायण मनान्धर, मोहनसिंहविजुक्छे, निधानचन्द्र श्रेष्ठ, धुव्रकुमार श्रेष्ठ, ओमकार गौचन, रामशंकर कान्दु, कृष्णप्रसाद शर्मा, महेन्द्रकुमार श्रेष्ठ, विष्णुप्रसाद शर्मा, रामकुमार शर्मा, कुलप्रसाद न्यौपाने, भिष्म न्यौपानेले नेतृत्व प्रदान गरिसकेका छन् । हाल ठाकुरकुमार श्रेष्ठले नेतृत्व गर्दैछन् । बुटवल उप-महानगरपालिका बाहेक कार्यक्षेत्र रहेको यस संस्थाले थुप्रै सफल नेतृत्व निर्माण गरेको छ ।

यस संस्थाको सदस्यमा वस्तुगततर्फ १०, कर्पोरेटतर्फ १२८, उद्योगतर्फ ५३३ र वाणिज्यतर्फ १४४१ सदस्य गरी कुल २११२ ले नविकरण गरका छन् ।


## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८१।१०।१० गते मरेङ्गदेखि सन्धिखर्क जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

**नाम :** गंगा पाण्डे
**ठेगाना :** मरेङ्ग गा.पा.-३, अर्घाखाँची
**बिमालेख नं. :** २५०४०३२५४
**सम्पर्क :** ९८४७५७३१७५

## हार्दिक समवेदना



**जन्म:** २००४/०४/१५
**मृत्यू:** २०८१/११/०९

**स्व. लक्ष्मी कुमारी श्रेष्ठ**

हाम्रो यस श्री गणेश नेवा समाज देविनगर बुटवलकी सदस्य तारा श्रेष्ठकी ममतामयी सासुआमा **लक्ष्मी कुमारी श्रेष्ठ**को यहि मिति २०८१ फागुन ०९ गतेका दिन ७७ वर्षको उमेरमा असामयीक निधनले हाम्रो समाज स्तब्ध भएको छ । शोकको यस दु:खद घडिमा स्व.सासुआमा **लक्ष्मी कुमारी श्रेष्ठ** प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजन तथा आफन्तजनमा गहिरो समवेदना प्रकट गर्दछौं ।

**माधव श्रेष्ठ**
अध्यक्ष (एवं)
**श्री गणेश नेवा समाज परिवार**
बुटवल-११, रुपन्देही

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# कांग्रेस एमालेको संयुक्त सरकार २०८४ सम्मै जान्छ : पोखरेल




पाल्पा । नेकपा एमालेका वरिष्ट उपाध्यक्ष इश्वर पोखरेलले अहिले केही पक्षले यो सरकार आजभोली नै ढल्छ भनेर गलत प्रचार गरे पनि, यो सरकार पूरा अवधीसम्म चल्ने घोषणा गरेका छन् । नेकपा एमाले पाल्पाले आयोजना गरेको वडा केन्द्रित पार्टी निर्माण अभियानको अभिमुखीकरण कार्यक्रममा एमाले कार्यकर्ताहरुलाई प्रशिक्षण दिँदै वरिष्ट उपाध्यक्ष पोखरेलले, यो समीकरण ढल्ने कुनै कारण देखिंदैन । दुई दलबिच सहमती, सहकार्य र एकताबाटै सरकार सञ्चालन भएको बताए । एमाले र कांग्रेसले एकआपसमा धोका दिएमात्र सरकार ढल्छ, तर दुबै पक्षबाट धोकाको राजनीति हुने अवस्था छैन । त्यसैले यो सरकार २०८४ सम्म ढुक्कले टिक्ने एमाले वरिष्ट उपाध्यक्ष पोखरेलले बताए ।

हरेक निर्वाचनमा मुख्य प्रतिष्पर्धी दल नेपाली कांग्रेस भए पनि ऐतिहासिक परिवर्तन जोगाउन र मुलुकलाई संकटबाट बचाउन एमाले र कांग्रेसबिच सत्ता सहकार्य भएको उनले बताए । एमाले कार्यकर्ताहरुलाई प्रशिक्षण दिँदै वरिष्ट उपाध्यक्ष पोखरेलले कांग्रेस र कम्युनिष्टको सहकार्य आजमात्र नभई २००७ सालदेखि सुरु भएको बताए । २००७ सालमा प्रजातन्त्र ल्याउन, २०३६ सालको जनमत संग्रह, २०४६ सालको बहुदल ल्याउन, २०६२, ०६३ को जनआन्दोलन र २०७२ सालमा नयाँ संविधान घोषणा जस्ता राजनीतिक उपलब्धिहरु ल्याउन एमालेले कांग्रेससँग सहकार्य गरेर ऐतिहासिक उपलब्धिहरु हासिल गरेको वरिष्ट उपाध्यक्ष पोखरेलले जिकिर गरे । २०८४ को तीनवटै आमनिर्वाचनमा एमालेको प्रतिष्पर्धा कांग्रेससंगै हुने भए पनि विगतका उपलब्धि जोगाउँदै मुलुकलाई अस्थिरताबाट बचाउन दुई दलबिच सत्ता सहकार्य भएको पूर्व उपप्रधानमन्त्री समेत रहेका एमाले नेता पोखरेलले कार्यकर्तालाई बताए ।

कांग्रेस एमालेको सहकार्यबाट जनताले अपेक्षा गरेजती सुधार नभए पनि अघिल्लो सरकारलेभन्दा सुशासन कायम गरेको, सेवाप्रवाह चुस्तदुस्त बनाएको, मुलकलाई दुर्घटना हुनबाट बचाएको एमाले नेता पोखरेलले दाबी गरे । एमाले वरिष्ट उपाध्यक्ष पोखरेलले एमाले पार्टीमा अहिले कपाल फूलेको संख्या बढ्दै गएकोले पाका पुस्ता र तन्नेरी पुस्तालाई नेतृत्वमा ल्याउनु पर्ने बताए । एमाले कार्यकर्ताहरुलाई प्रशिक्षण दिँदै वरिष्ट उपाध्यक्ष पोखरेलले अब कपाल फुलेका व्यक्तिहरुबाट मात्र पार्टी चल्दैन, पार्टी बलियो हुँदैन, त्यसैले पुरानो पुस्ता, विषय विज्ञ पाका पुस्ता र तन्नेरी पुस्ता बराबर हुनेगरी एमाले पार्टी नेतृत्व विकासमा जुटेको वरिष्ट उपाध्यक्ष पोखरेले बताए ।

एमाले पार्टीमा सकृयता, पहलकदमी, जनसेवा र प्रतिष्पर्धा भएको कार्यकता हुनुपर्नेमा नेता पोखरेलले जोड दिए । अहिले पार्टीमा केही विकृती पनि देखिएको छ, एमालेको आवरणमा भ्रष्टचार गर्ने, नैतिक पतहिन कामग र्ने व्यक्तिहरुलाई एमाले पार्टीमा नराख्ने र तत्काल कारबाही गर्ने नेता पोखरेलले बताए । अहिले नेपालमा तत्काल बामपन्थी एकता संभव नभएको र कामअनुसारको एकताका मपन्थी एकता गरेर मुलुकको हितमा राजनीतिकदलहरु लाग्नु पर्नेमा नेता पोखरेलले जोड दिए

पार्टी प्रशिक्षण कार्यक्रममा एमाले पोलिटिव्युरो सदस्य ठाकुरप्रसाद गैरेले वडास्तरीय कार्यक्रमले पाटीलाई चुस्तदुस्त, फुर्तिलो, जनतामैत्री, विकासमैत्री, समावेशीमैत्री एमाले पार्टी बनाउने बताए । २०८१ चैत्र मसान्तभित्र साविकका गाविसहरुका सबै वडाहरुमा एमालेको अभियान पुग्ने र जनताको घर घरमा एमाले पुग्ने अयिभान सुरु भएको नेता गैरेले बताए ।

वडा-वडामा एमालेको नीति, सिद्धान्त विचार पुऱ्याउने, जन संगठनलाई टोल टोलमा पुऱ्याउने पार्टी सदस्यता नविकरणलाई तिव्रता दिने, चैत्र महिनाभित्र पाल्पाका ८१ वटै वडाका टोल टोलबाट गाउँपालिका, प्रदेश संघमा पेश गर्ने योजना संकलन गर्ने र भदौमा हुने विधान महाधिवेशनमा गाउँस्तरबाट उठेका कुराहरुलाई नीतिमा समावेश गरिने पोलिटिव्युरो सदस्य गैरेले जोड दिए । संयुक्त सरकार बनेपछि पाल्पामा थप ६० करोड रुपैयाँ बजेट ल्याउन सफल पाल्पा क्षेत्र नं. २ का सांसद समेत रहेका गैरेले बताए ।

नेकपाएमाले लुम्बिनी प्रदेश अध्यक्ष राधाकृष्ण कंडेलले पार्टीमा पद अनुसारको जिम्मेवारी पूरा नगर्ने पदाधिकारीहरुको आगामी दिनमा मूल्याङ्कन गरी जिम्मेवारी नदिने बताए । पाल्पा क्षेत्र नं १ का संघिय सांसद नारायणप्रसाद आचार्यले वडा केन्द्रित, जरा केन्द्रित पार्टी अभियानबाट मिसन ८४ को आधार निर्माण हुने बताए । कार्यक्रममा पाल्पाका १० पालिका, ८१ वटै वडा, जिल्ला कमिटी, क्षेत्रिय कमिटीका पार्टी सदस्यहरु, एमाले बाट निर्वाचत जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रम जिल्ला अध्यक्ष ओमबहादुर घर्तीमगरको अध्यक्षता, उपाध्यक्ष विमल काफ्लेको स्वागत, सचिव रामजी पोखरेलको सञ्चालनमा भएको थियो ।

# आधुनिक समाज डेन्टलको मुख स्वास्थ्य अभियान




बुटवल । दुई दशक अघिदेखि बुटवलमा गुणस्तरीय सेवा प्रदान गर्दै आएको आधुनिक समाज डेन्टल केयर प्रा.लिले दाँत, मुख, गिजा एवं समग्र मुख स्वास्थ्यसम्बन्धि सचेतना अभियानलाई तीव्रता दिएको छ ।

मानिसको खराब जीवनशैली, असन्तुलित आहार र नियमित स्वास्थ्य जाँचको कमीका कारण मुखको क्यान्सर तथा अन्य दाँत र गिजासम्बन्धी रोगहरू बढिरहेको आधुनिक समाज डेन्टल केयर प्रालिका प्रबन्ध निर्देशक अमृत भुसालले बताए । शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उनले पछिल्लो समय पाठेघरको मुखको क्यान्सरपछि मुखको क्यान्सरको जोखिम बढ्दै गएको र यसबाट ज्यान गुमाउनेको संख्या पनि बढीरहेको अवस्थामा विभिन्न विद्यालय र समुदायस्तरमा दाँत तथा मुख स्वास्थ्यप्रति जनचेतना अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्दै आएको जानकारी गराए ।

मुखको क्यान्सर भएका बिरामीमा ९० प्रतिशभन्दा बढी क्यान्सरका बिरामी सुर्ती तथा गुड्खाजन्य पदार्थ सेवनका कारण हुने गरेको प्रवन्ध निर्देशक भुसालले बताए । उनले सामान्य स्वास्थ्य सतर्कताले जटिल रोगबाट बच्न सकिने बताए । 'शरीरका अन्य अंग जस्तै मुख स्वास्थ्यमा पनि ध्यान दिन जरुरी छ,' उनले भने- 'अल्कोहल, सुर्तीजन्य पदार्थ र जंकफुडको प्रयोग कम गरी बिहान-बेलुका खाना खाएपछि राम्रोसँग मुखको सफाइ गर्नेहो भने मात्रै पनि दाँत, मुख र गिजासम्बन्धी समस्या कम हुन्छ ।'

मुख स्वास्थ तथा दातको उपचार महँगो भएकोले रोग लाग्न नदिन उनले आग्रह गरे । राज्यले मुख स्वास्थ्यलाई पाठ्यक्रममा समावेश गरी विद्यालय तहबाटै बालबालिकालाई सचेत गराउन जरुरी रहेको उनले बताए ।

आधुनिक समाज डेन्टल केयरले नाफाको ५ प्रतिशत रकम विभिन्न सामाजिक उत्तरदायित्वको काममा खर्च गर्दै आएको अध्यक्ष ज्योति सापकोटाले बताइन् ।

चालु आर्थिक वर्षको हालसम्म मुख स्वास्थ्य सचेतना कार्यक्रममार्फत् ७९ वटा सामुदायिक र १० वटा संस्थागत विद्यालयका करिब २८ हजार विद्यार्थीलाई सेवा पदान गरेको उनले बताइन् । सोही अवधिमा २० वटा समुदायस्तरीय सचेतना तथा स्क्रिनिङ कार्यक्रममार्फत् करिब १ हजार ५०० जनालाई सेवा प्रदान गरेको उनले बताइन् ।

यस्तैगरी गत आर्थिक वर्ष रोटरी क्लब अफ लुम्बिनी र रोट्र्याक्ट क्लब अफ लुम्बिनी स्टारसँगको सहकार्यमा लुम्बिनी प्रदेशका १ लाख विद्यार्थीहरूलाई निःशुल्क मुख स्वास्थ्य सचेतना र स्क्रिनिङ सेवा प्रदान गरेको थियो । भने विभिन्न संघ संस्थासँगको सहकार्यमा ५० भन्दा बढी सामुदायिक सचेतना तथा स्क्रिनिङ कार्यक्रम सञ्चालन गरीको थियो ।

दाँत, गिजा तथा मुखसम्बन्धि समस्या भएका बिरामीहरुलाई गुणस्तरीय सेवा प्रदान गर्नै उद्देश्यसहित नयाँ ठाउँबाट सेवा सुरु भएको आधुनिक समाज डेन्टल केयरका योजना प्रमुख माधब सापकोटाले बताए ।

# एभरेष्ट जिल्लास्तरीय चित्रकलाको उपाधि इन्भारमेन्टका रौनकले जित




बुटवल । बुटवलमा भएको एभरेष्ट खुल्ला जिल्लास्तरीय चित्रकला प्रतियोगिताको उपाधि न्यू इन्भारमेन्ट स्कुलका विद्यार्थी रौनक खरेलले जितेका छन् ।

बुटवल सुख्खानगरमा रहेको एभरेष्ट माध्यमिक विद्यालयको एभरेष्ट आर्ट क्लबले आयोजना गरेको जिल्लास्तरीय चित्रकला प्रतियोगितामा २० प्रतिस्पर्धीलाई पछि पार्दै उनले एभरेष्ट उत्कृष्ट चित्रकलाको उपाधि जितेका हुन् । उनले उपाधिसहित नगद आठ हजार, शिल्ड तथा प्रमाणपत्र हात पारेका हुन् ।

प्रतियोगितामा सहभागी भएका प्रतिस्पर्धीहरुलाई विधागत रुपमा समेत पुरस्कृत गरिएको थियो । प्रतियोगितामा पहिलो विधातर्फ पामिर इन्टरनेशनल एकेडेमीका राजन थापाले वेष्ट आर्ट कम्पिटेशन एवार्ड, आवर पिसल्याण्ड एकेडेमीका कन्चन श्रीसले मष्ट रिलेभेन्ट थम एवार्ड, एपेक्स स्कुलका प्रभाकर थापाले मष्ट क्रियटिभ एवार्ड, न्यु नमूना स्कुलका प्रमोद पुवारले वेष्ट कन्टेन एवार्ड, दीप बोर्डिङ् स्कुलका सोमीन पियाले बेष्ट मिडीयम इन आर्ट एवार्ड र यान्सी खत्रीले प्रोटेट एवार्ड प्राप्त गरेका छन् ।

यस्तै दोस्रो विधातर्फ न्यू होराइजन स्कुलका दिप्सा कर्मचार्य एमर्जिङ एवार्ड, लुम्बिनी वर्ल्ड स्कुलका सोफिया आलेले पब्लिक च्वाइस एवार्ड प्राप्त गरिन् भने तेस्रो विधातर्फ रिकोनाइजिङ एवार्ड प्राप्त गरेका हुन् । उनीहरुले विजेता बन्दै पहिलो र दोस्रो विधातर्फ जनही नगद दुई/दुई हजार र तेस्रो विद्यामा पर्नेले नगद एक/एक हजार, शिल्ड तथा प्रमाणपत्र प्राप्त गरेको विद्यालयका कार्यक्रम संयोजक विशाल थापाले जानकारी दिए ।

विजयी विद्यार्थीहरुलाई शिल्ड, प्रमाणपत्र तथा पुरस्कार वितरण गर्दै नेपाल व्यवसायी कलाकार संघ रुपन्देहीका अध्यक्ष दिलीप रसाइलीले कला र सृजनाले अनुशासन सिकाउने बताए । शिक्षालयहरुमा कलाकारिता र चित्रकारितालाई नियमित अध्ययनको विषय बनाउनु पर्ने उल्लेख गर्दै उनले विद्यार्थीलाई अनुसाशित र लगनशिल बनाउन कलाले ठूलो भूमिका खेल्ने भएकाले यसलाई राज्यले ध्यान दिनु पर्ने सुझाव दिए ।

एभरेष्ट आर्ट क्लबका अध्यक्ष सिमाना न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल व्यवसायी कलाकार संघ रुपन्देहीका सल्लाहकार एभबी रम्तेल, कलाकार वेनप्रसाद थापा, विद्यालयका सह-प्राचार्य भिमसेन गौतम, विद्यालय सञ्चालक सदस्य ठाकुरप्रसाद ज्ञवाली, उप-प्राचार्य उमेश रेग्मी, माला पाण्डे, शिक्षक शारदा ज्ञवाली, क्लबका सचिव सोफिया रानालगायतले विजयी विद्यार्थीहरुलाई बधाई तथा शुभकामना दिएका थिए ।

विद्यार्थी कृष्णा खनाल र जेनिसा श्रेष्ठको सञ्चालनमा भएको कार्यक्रममा रुपन्देहीका विभिन्न सामुदायिक र संस्थागत विद्यालयका झण्डै दुई दर्जन विद्यार्थीहरुले पर्यावरण, शिक्षा, भाव, प्रकृति, धर्म, संस्कृतिलगायतका परिदृष्य देखिने खालका चित्रहरु कोरेका थिए ।

# विप्लव नेतृत्वको नेकपाद्वारा सहिद परिवारलाई सम्मान




नवलपुर । विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले सहिद सप्ताहअन्तर्गत २५ जना सहिद परिवारलाई सम्मान गरेको छ । पार्टीले नवलपुरको कावासोतीमा कार्यक्रम गरीसहिद परिवारलाई सम्मान गरेको हो ।

नवलपुर जिल्लामा माओवादी जनयुद्धकालमा १ सय ३ जना राज्य पक्ष र विद्रोही पक्षबाट मारिएको तथ्यांकमा उल्लेख छ ।

सम्मान कार्यक्रममा नेकपाका जिल्ला इञ्चार्ज पदक केसी जुझारुले १२ जनालाई प्रतिवन्ध कालमा केपी ओली नेतृत्वको सरकारले मारेको आरोप लगाए ।

सरकारले विप्लव नेतृत्वको नेकपालाई २०७५ देखि २०७७ सम्म प्रतिबन्ध लगाएको थियो । २०७८ मा ओली नेतृत्वको सकारसँग तीन बुँदे सहमतिपछि प्रतिवन्ध फुकुवा भएको थियो । प्रतिवन्ध कालमा नवलपुरमा १२ जना सहिद भएको नेकपाले जनाएको छ ।

जिल्ला इञ्चार्ज केसीले जनयुद्धमा होमिन बन्दुक बोक्न हौसाउने हाल नेकपा एमालेका उपाध्यक्ष रामबहादुर थापा बादलले जनयुद्धलाई हिंसा भनेको प्रति गम्भीर आपत्ति जनाए । उनले ०५२ सालमा जनयुद्ध सुरु गर्दाका गृहमन्त्री खुमबहादुर खड्का र प्रतिबन्ध लगाउँदाका गृहमन्त्री बादलबिच कुनै भिन्नता नरहेको तर्क गरे ।

त्यस्तै केसीले आफूहरु नेकपा माओवादीसँग एकताका लागि एक वर्षअघि नै एकता प्रस्ताव पास गरेको भए पनि माओवादीका कारण ढिलाइ भएको बताए । नेकपा माओवादीलगायत विचार मिल्ने शक्तिहरु एक ठाउँमा हुनु पर्ने पक्षमा रहेको केसीको भनाइ छ ।

त्यसैगरी कार्यक्रममा नेकपाका जिल्ला सेक्रेटरी सुमन ज्ञवालीले सहिदहरुको सपना पूरा गर्ने सबै माओवादी शक्ति एक ठाउँमा उभिनु पर्नेमा जोड दिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com